STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np
BRANCH OFFICE | Campus Road 05, Waling, Syangja

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २१८ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०७८ भदौ ४ गते शुक्रबार ❑ 20 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

मन्त्रिपरिषद्ले छिट्टै पूर्णता पाउँछ-अध्यक्ष दाहाल

रासस
काठमाडौं, ३ भदौ

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘ प्रचण्ड’ले मन्त्रिपरिषद्ले छिट्टै पूर्णता पाउने बताउनुभएको छ।

समाजवादी केन्द्र नेपालले आयोजना गरेको ‘एक्काइशौँ शताब्दीको मार्क्सवाद र समाजवाद’ विषयक अन्तर्क्रियामा अध्यक्ष ‘ प्रचण्ड’ले मन्त्रिपरिषद् विस्तारका विषयमा हिजोबाट नयाँ परिस्थिति बनेको बताउनुभयो । उहाँले भन्नुभयो, “आज बिहान मात्रै प्रधानमन्त्री शेरबहादुर देउवा, माधव नेपाल र म बसेका थियौँ, अब ढिलो गर्नुहुँदैन, छिटो टुङ्ग्याउनुपर्छ भनेका छौँ । हिजो दर्ता भएको पार्टीको सनाखत टुङ्गिने वित्तिकै मन्त्रिपरिषद् विस्तार टुङ्ग्याउनुपर्छ भन्ने सहमति भएको छ ।” उहाँले अहिले सरकारले ल्याएको दल विभाजनसम्बन्धी अध्यादेशको उद्देश्य लोकतन्त्र र संविधानको रक्षाका लागि भएको जिकिर गर्नुभयो । उहाँले भन्नुभयो, “पहिले ल्याएका अध्यादेश लोकतन्त्र र संविधान सिध्याउने उद्देश्यले ल्याइएका थिए, अहिलेको अध्यादेश लोकतन्त्र, संविधान र गणतन्त्रको रक्षाका लागि ल्याइएको हो ।” अर्को प्रसङ्गमा अध्यक्ष प्रचण्डले मार्क्सवादबारे तीन थरी दृष्टिकोण देखिएको भन्दै पहिलोले मार्क्सवादको यान्त्रिकिकरण गरेर सोच्ने जडसुत्रवादी प्रवृत्ति, दोस्रोले मार्क्सवादलाई त्याग्न खोज्ने वर्ग सङ्घर्ष होइन वर्गसमन्वयको प्रवृत्ति र तेस्रो चलायमान देखिएको मध्यपन्थी प्रवृत्ति रहेको टिप्पणी गर्नुभयो । अबको मार्क्सवादबारे रचनात्मक, सिर्जनात्मक ढङ्गले विचार, विमर्श गरेर नयाँ विश्लेषण निकाल्न आवश्यक रहेकोमा अध्यक्ष प्रचण्डले जोड दिनुभयो । कार्यक्रममा सङ्घीय समाजजादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले पुँजीवाद दिगो हुनसक्दैन भन्नेमा विश्वमै आम सहमति बनिसकेको बताउँदै तर विकल्प कस्तो समाजवाद भन्ने बहस जारी रहेको बताउनुभयो । उहाँले पुँजीवादसँगै अहिले प्रयोगमा रहेको पुरानो समाजवादको प्रयोग पनि असफल भएको टिप्पणी गर्दै समाजवादको नयाँ स्परुपबारे पर्याप्त बहस र छलफल आवश्यक रहेकोमा जोड दिनुभयो। कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य बामदेव क्षेत्री घिमिरेले लेख्नुभएको ‘कृषि र समाजवाद’ पुस्तकको विमोचन अतिथिद्वय प्रचण्ड र डा भट्टराईले गर्नुभएको थियो।

६ महिनाभित्र पन्ध्र लाखलाई निःशुल्क खोप : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
तनहुँ, ३ भदौ

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले अबको ६ महिनाभित्र १८ वर्ष माथिका १५ लाख प्रदेशवासीले कोरोना विरुद्धको खोप पाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

जिल्ला समन्वय समिति तनहुँले बिहीबार दमौलीमा आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो। हालसम्म आठ लाख मानिसलाई पहिलो र तीन लाखलाई दोस्रो चरणको खोप प्रदान गरिसकिएको उहाँले बताउनुभयो । प्रदेश सरकारले सिधै खरिद गरेर ल्याउन नसकिने कारणले केही ढिलाइ जस्तो हुन गएको हो । उहाँले भन्नुभयो, ‘प्रदेश सरकारको पहिलो प्राथमिकता भनेकै निःशुल्क खोप उपलब्ध गराउनु हो।’ प्रदेशका एक दुई जिल्लामा बाहेक अक्सिजन प्लान्ट जडान र बेड क्षमता वृद्धि गर्न नसकिए पनि पहलकदमी भैरहेको उहाँले बताउनुभयो।

दोस्रोसँगै तेस्रो लहरको भेरियन्ट पनि देखिन थालेकाले यस किसिमको कोभिडसँग जुँध्न प्रदेश सरकार तयारी अवस्थामा रहेको उल्लेख गर्दै उहाँले

सबैलाई सचेत रहन आग्रह गर्नुभयो।

प्रदेश सरकारले बाढीपहिराबाट पूर्णक्षति भएका परिवारलाई रु एक लाख राहत प्रदान गर्ने भएकाले जिल्लाबाट त्यस्ता क्षति भएका घरको जति सक्दो छिटो विवरण पठाउन मुख्यमन्त्री पोखरेलले निर्देशन दिनुभयो । बाढीपहिराले प्रदेशका मनाङ, गोरखा, लम्जुङ र तनहुँ जिल्लामा बढी क्षति भएको छ।

गण्डकी प्रदेश सरकारको कार्यसम्पादन सुशासनमा उत्कृष्ट बन्नुपर्छ भन्ने उद्देश्यले कार्यालयबाट दिइने सेवामा मूल्याङ्कन थालिएको उहाँले बताउनुभयो। प्रमुख जिल्ला अधिकारी सागर आचार्यले जिल्लामा भएका शान्ति सुरक्षा र विपद्बाट क्षतिको बारेमा जानकारी गराउनुभएको थियो।

मुख्यमन्त्री पोखरेलले आजै पार्टी कार्यालयमा कार्यकर्तालाई भेटघाट गरी निर्देशन दिनुभएको छ। त्यसैगरी केही दिन अघि आएको बाढीले व्यास नगरपालिका-१ र १३ जोड्ने छाब्दी खोला पुल बगाएपछि त्यसको अनुगमन गर्ने कार्यक्रम रहेको बताइएको छ।

कार्यक्रम जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरणम वाग्लेको सभापतित्वमा सम्पन्न भएको थियो।

राजनीतिक दलसम्बन्धी नियमावली राजपत्रमा प्रकाशित

पोखरापत्र संवाददाता
पोखरा, ३ भदौ

बुधबार जारी भएको राजनीतिक दलसम्बन्धी अध्यादेशका आधारमा निर्वाचन आयोगले ‘राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन नियमावली, २०७८’ जारी गरेको छ।

उक्त नियमावलीनेपालराजपत्रमा प्रकाशनमा आएको छ। राजपत्रमा नियमावली प्रकाशनमा आएपछि बुधबार दल दर्ताका लागि निवेदन दिएका नेकपा एमाले(समाजवादी) र जसपा (लोकतान्त्रिक)का लागि दल दर्ताको मार्ग प्रशस्त भएको छ । नियमावली नभएका कारण नयाँ दल दर्ताको प्रक्रिया अगाडि बढ्न सकेको थिएन। नियमावली रापजत्रमा प्रकाशित भएसँगै नयाँ दल दर्ताका लागि आवेदन दिने कानूनी मार्ग प्रशस्त भएको छ । नियमावलीअनुसार महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दल भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाको बखतका केन्द्रीय समितिको २० प्रतिशत वा सोभन्दा बढी सदस्य वा त्यस्तो दलको सङ्घीय संसद्को संसदीय दलको २० प्रतिशत वा सोभन्दा बढी सदस्यले एकैपटक भन्ने शब्द राखिएको छ।

यस्तै सङ्घीय संसद्को संसदीय दलको २० प्रतिशत वा सोभन्दा बढी सदस्यले छुट्टै दल बनाउन निवेदन दिएकामा त्यसरी निवेदन दिने सदस्य संसदीय दलको २० प्रतिशत वा सोभन्दा बढी रहे/नरहेका सम्बन्धमा आयोगले सङ्घीय संसद् सचिवालयमा पत्राचार गरी बुझ्नसक्ने व्यवस्था छ । अध्यादेशका आधारमा जारी भएको नियमावलीअनुसार छुट्टै नयाँ दल गठन भएकामा त्यस्तो दल गठन हुनुभन्दा अघिको दलको तर्फबाट निर्वाचित प्रदेशसभा सदस्य वा स्थानीय तहका सदस्यले दल गठन भएको २१ दिनभित्र प्रदेशसभा सदस्यले प्रदेश निर्वाचन कार्यालय र स्थानीय तहका सदस्यले जिल्ला निर्वाचन कार्यालयमा उपस्थित भई जिल्ला निर्वाचन अधिकारीसमक्ष सनाखत गर्नुपर्नेछ । सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले राजनीतिक दलसम्बन्धी अध्यादेश जारी गर्नुभएको थियो।

खोप लगाएर कक्षा १२ को परीक्षा संचालन गर्न माग

रासस
काठमाडौं, ३ भदौ

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) ले विद्यार्थी र शिक्षक-कर्मचारीका लागि अविलम्ब खोपको व्यवस्थापन गरी माध्यमिक शिक्षा परीक्षा कक्षा १२ को परीक्षा सञ्चालन गर्न माग गरेको छ।

प्याब्सनका अध्यक्ष टीकाराम पुरीले आज विज्ञप्ति जारी गरी खोप व्यवस्थापनसहित १५ दिनको अवधि राखी तत्काल उक्त परीक्षा सञ्चालन गर्ने कार्यक्रम प्रकाशित गराई परीक्षाको सुनिश्चिता कायम गर्न सरकारसँग माग गर्नुभएको हो। कोरोना महामारीका कारण बन्द भएको बजार-व्यवसाय, उद्योग-कलकारखाना, सार्वजनिक यातायात पूर्णरुपमा खुलेको, त्रिभुवन विश्वविद्यालयलगायतका विश्वविद्यालयका परीक्षा कार्यक्रम यथावत रहेको, लोकसेवा आयोगले लिने परीक्षाहरु सुचारु रहेको, विश्वविद्यालयका शिक्षक तथा विद्यार्थीका लागि खोपको समेत व्यवस्थापन भएको सन्दर्भमा कक्षा-१२ को अन्तिम परीक्षा स्थगन हुन नहुने विज्ञप्तिमा उल्लेख छ।

साथै उक्त परीक्षा रोकिँदा लाखौँ विद्यार्थीको एक शैक्षिक सत्र खेर जाने खतरा भएकाले चाँडो परीक्षा तय गर्न माग गरिएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७७ साल कात्तिक २० गते जारी गरेको “विद्यालय पुनः सञ्चालनसम्बन्धी कार्यढाँचा २०७७” द्वारा निर्देशित विधिको पूर्ण पालना गर्ने गरी महामारीको सङ्क्रमण कम हुँदै गएका क्षेत्रमा भौतिकरुपमा क्रमशः विद्यालय खोल्ने निर्णय पालिकास्तरमा गर्नसक्ने वातावरण बनाइदिन पनि प्याब्सनले सरकारसँग आग्रह गरेको छ।

पोखरा ईन्जिनियरिङ्ग कलेजको नयाँ भर्ना सम्बन्धि सूचना !

प्राविधिक ईन्जिनियरिङ्ग शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस पोखरा ईन्जिनियरिङ्ग कलेजमा नयाँ शैक्षिक शत्र २०७८/७९ को लागि निम्न विषयहरूमा भर्ना खुल्यो।

कार्यक्रमहरु:
❖ Diploma in Computer Engineering (Overseer) 3 yrs
❖ Diploma in Civil Engineering (Overseer) 3 yrs
आवश्यक न्यूनतम योग्यता : SEE मा Math र Science मा C र अंग्रेजीमा D+ वा सो सरह।
❖ Pre-Diploma in Civil Engineering (18 months) को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने।
फारम बुझाउने अन्तिम मिति : २०७८ भाद्र १८ गते शुक्रबार सम्म मात्र।
नोट: जनजाति, महिला, दलित, मधेसी, दुर्गम, विपन्न, पिछडा वर्ग र उत्कृष्ठ विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ।

विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ्ग कलेज
फिर्के-८ पोखरा, फोन नं.०६१-५२५९२६, ५३१२०९, ५२८५३०
www.pec.edu.np

अध्यक्षलाई पक्राउ गर्न अदालतको पूर्जी

रासस
पर्वत, ३ भदौ

पर्वतको जलजला गाउँपालिका अध्यक्ष यामबहादुर मल्ललाई पक्राउ गर्न कास्की जिल्ला अदालतले जिल्ला प्रहरी कार्यालय पर्वतलाई पत्राचार गरेको छ।

गत साउन ३१ गते अदालतको तहसिल शाखाबाट प्रहरीलाई लेखिएको पत्रमा अध्यक्ष मल्ललाई पक्राउ गरी अदालतमा दाखिला गर्न अनुरोध गरिएको जनाइएको छ । अध्यक्ष मल्ललाई व्यवसायी ध्रुवबहादुर थापासँग लेनदेनको मुद्दामा विसं २०७७ चैत २७ मा पक्राउ गरी छ महिना कैदमा राख्न जिल्ला कारागार कास्कीमा पठाइदिनु भनी आदेश भएकाले पक्राउ गर्न भनिएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ। जिप्रका प्रमुख शिवराज बुढाथोकीले अदालतको पत्र आएपछि अध्यक्ष मल्ललाई पक्राउ गर्न खोजी भइरहेको जानकारी दिनुभयो।

“हामीले खोजी गरिरहेका छौँ, उहाँ कहाँ हुनुहुन्छ भन्ने थाहा पाइएको छैन”, उहाँले भन्नुभयो, “जतिसक्दो छिटो पक्राउ गरेर अदालतमा पेश गर्ने गरी खोजी भइरहेको छ ।” यसबारे बुझ्न सम्पर्क गर्दा अध्यक्ष मल्लले आफूले अहिलेसम्म कसैलाई एक रुपैयाँ पनि नठगेको जनाउँदै विसं २०६८ मा राजेश बोहराले फोर्स गाडी निकाल्दा जमानी बसिदिएको र बोहराले पैसा तिर्न नसकेपछि आफैँले तिरिदिएको बताउनुभयो । विसं २०६८ कात्तिक १४ गते आफू जमानी बसिदिएको र तिर्नुपर्ने रकम रु १० लाख १७ हजार ९५ रहेको पनि मल्लको भनाइ छ।

“किनेको मान्छेले तिर्न नसकेपछि कानुनअनुसार जमानी बसेको मान्छेले तिर्नुपर्ने हुन्छ। मैले पैसा तिरिरहेको छु । धनी नबिल बैंक पोखरा शाखा हो भने ध्रुव थापा प्रोप्राइटर रहेको हिमालयन इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कन्स्ट्रक्शन प्रालि भन्ने रहेको छ। बा२ख ३२८४ नंको फोर्स माइक्रो गाडी राजेश बोहराको नाममा ऋणी थियो”, उहाँले भन्नुभयो, “उसले नतिरे म तिरौँला भनेर नै जमानी बसेको हुँ। बोहोराले गाडी चलाउन नसकेपछि हिमालयन अटोले गाडी पनि लगेर त्यहीँ राखेको छ । यसबारेमा बल्ल थाहा पाएपछि मैले सबै पैसा दिएको छु ।” नेपाली कांग्रेसको कोषाध्यक्षसमेत रहनुभएका मल्लले आगामी १४औँ अधिवेशनमा जिल्ला सभापतिको उम्मेदवारको तयारी गर्नुभएको छ।

जिल्ला सभापतिमा लड्ने कुरा गरिरहेको र बलियो दाबेदारसमेत रहेकाले आफूलाई यसबाट विफल पार्न यो अदालती प्रक्रिया अपनाइएको उहाँको गुनासो छ । “फैसला भएको पनि मलाई त थाहा नै छैन। पहिले त्यो बारेमा थाहा भएको भए त तिरिदिन्थेँ”, उहाँले भन्नुभयो, “मैले कसैलाई एक रुपैयाँ ठगेको र खाएको छैन, यो १० लाख तिर्नु पनि ठूलो कुरा थिएन। उनीहरूले समयमा नै मलाई भनेको भए तिरिन्थ्यो। कसरी हुन्छ बेइज्जत गराउने उद्देश्यले भएको हो जस्तो मलाई लाग्छ।”

हिमालयन अटोका प्रोप्राइटर ध्रुव बहादुर थापाले आफूले पाउनुपर्ने रकम सबै आएपछि अदालतमा पुगेर पैसा बुझिलिएको कागज गरिसकेको र यो मुद्दा सकिएको बताउनुभयो । “उनले साथीको लागि गाडी निकालिदिएका हुन्, उनी आफैँले लगेका पनि होइनन्। जमानी बसेका कारण यो अवस्था आएको हो,” उहाँले भन्नुभयो, ‘पैसा पहिले नै तिरेको भए यो अवस्था आउने थिएन। यो मुद्दाका सबै प्रक्रियाहरू ‘डिसमिस’ भएको उहाँको भनाइ छ।

सुपथ मूल्यमा आकर्षक छपाइ
पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

प्रत्येक वर्ष दुई छात्रालाई निःशुल्क प्राविधिक शिक्षा

पोखरापत्र संवाददाता
पोखरा, ३ भदौ

पोखरा महानगरपालिकाले प्रत्येक वर्ष सामुदायिक विद्यालयका दुईजना छात्रालाई निःशुल्क प्राविधिक विषय पढाउने भएको छ।

महानगरपालिकाले सञ्चालन गरेको गण्डकी बहुप्राविधिक शिक्षालयमा सामुदायिक विद्यालयबाट एसइई उत्तीर्ण छात्रामध्येबाट दुई जनालाई निःशुल्क पढाउने भएको हो।

महिलालाई उद्यमशील बनाएर आत्मनिर्भर बनाउनका लागि महानगरपालिकाले सञ्चालन गरेको उपमेयरसँग महिला कार्यक्रमअन्तर्गत दुईजना छात्रालाई निःशुल्क पढाइने व्यवस्था मिलाइएको बहुप्राविधिक शिक्षालयका निर्देशक लक्ष्मण तिमिल्सिनाले जानकारी दिनुभयो। उहाँका अनुसार अध्ययनका लागि आवेदन दिएपछि एसइई र कक्षा ८ को नतिजाको आधारमा छात्रा छनोट गरिने व्यवस्था छ। महानगरपालिकाले गत वर्षदेखि पोखरा २९ भण्डारढिकमा सञ्चालन गरेको गण्डकी बहुप्राविधिक शिक्षालयमा डिप्लोमा इन सिभिल इञ्जिनियरिङ र डिप्लोमा इन अटो मोबाइल इञ्जिनीयरिङको पढाइ हुँदै आएको छ। त्यसैगरि पोखरा महानगरपालिका-१९ ले यो वर्ष एसइई उत्तीर्णमध्ये एक जनालाई वडाको खर्चमा अध्ययन गराउने भएको छ।

वडाध्यक्ष शोभामोहन पौडेलका अनुसार वडाभित्र एसइई उत्तीर्णमध्ये गरिब तथा जेहेन्दार एक जनालाई बहुप्राविधिक शिक्षालयमा अध्ययन गराउने भएको हो। पोखरा महानगरपालिका-३० ले पनि थप एक जना छात्रालाई वडाको खर्चमा अध्ययन गराउने भएको वडा नं ३० का अध्यक्ष श्रीराम पोखरेलले बताउनुभयो। शिक्षालयमा हाल ८३ विद्यार्थी अध्ययनरत छन् भने छोटो अवधिको तालिममा करिब २२० जना सहभागी भइसकेका छन्।

गोर्खा सैनिकको माग सम्बोधनका लागि पहल गर्न आग्रह

रासस
काठमाडौं, ३ भदौ

गैरआवासीय नेपाली सङ्घ युकेले आन्दोलनरत अवकाशप्राप्त ब्रिटिश गोर्खा सैनिकको माग सम्बोधनका लागि पहल गर्न नेपाल सरकारलाई आग्रह गरेको छ।

सोमबार ब्रिटिश प्रधानमन्त्री बोरिस जोनसनलाई ज्ञापनपत्र बुझाएको एनआरएन युकेले मङ्गलबारलण्डनस्थितनेपालीराजदूतावासमार्फत प्रधानमन्त्री देउवालाई ज्ञापनपत्र पठाउँदै अवकाशप्राप्त ब्रिटिश गोर्खा सैनिकको समस्याको दीर्घकालीन समाधानका लागि पहल गर्न आग्रह गरेको हो। गोर्खा विभाग प्रमुखसमेत रहनुभएका गैरआवासीय युकेका अध्यक्ष प्रेम गाहामगरले बेलायतका लागि नेपाली राजदूत लोकदर्शन रेग्मीलाई भेटेर ज्ञापनपत्र बुझाउनुभएको हो। ज्ञापनपत्रमा भनिएको छ, “नेपाल सरकार गोर्खा समस्यालाई कूटनीतिक माध्यमबाट समाधान गर्न प्रतिबद्ध रहेको र यससम्बन्धी कूटनीतिक प्रक्रिया पनि सुरु गरिसकेको भन्ने मन्त्रिपरिषद् को १६ अगष्टको निर्णयलाई हामीले सकारात्मकरूपमा लिएका छौं। हामी नेपाल सरकारलाई ठोस योजनासहित यो समस्याको दीर्घकालीन समधानका लागि तत्काल पहल गर्न अपिल गर्दछौं।” एनआरएनए युकेले तीन महिना अगाडि बेलायतस्थित ब्रिटिश गोर्खा सैनिक सम्बद्ध विभिन्न पाँच संस्थाको सहभागितामा नेपाल सरकारलाई प्राविधिक समितिको सिफारिस कार्यान्वयनका लागि वार्ता टोली गठनको माग गर्दै पत्र पठाएको थियो।

तीन हजार ७५ संक्रमित, ३३ को मृत्यु

रासस
काठमाडौं, ३ भदौ

पछिल्लो २४ घण्टामा थप तीन हजार ७५ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ११ हजार ९४६ पीसीआर परीक्षणमा दुई हजार ३२१ र चार हजार ४९२ एन्टिजेन परीक्षणमा ७५४ जना गरी सो संख्यामा संक्रमण पुष्टि भएको हो। योसँगै पीसीआर परीक्षण गर्दा हालसम्म संक्रमितको संख्या सात लाख ४२ हजार २२८ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको संख्या ७८ हजार ३७७ छ। सो अवधिमा थप दुई हजार १२६ जना संक्रमणमुक्त भएका छन्। योसँगै संक्रमणमुक्त हुनेको संख्या ६ लाख ९१ हजार २ ९९ पुगेको छ। हाल ३७ हजार ११४ होम आइसोलेसनमा तथा तीन हजार ३८६ जना संस्थागत आइसोलेसनमा छन्। त्यसैगरी ७३९ आइसीयू र १६८ जना भेन्टिलेटरमा उपचाररत छन्। देशभर सक्रिय संक्रमितको संख्या ४० हजार ५०० रहेको छ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १० हजार ४२९ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप ३३ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। यस अवधिमा ९१ हजार ११ ले खोप लगाएका छन्।

सातवटै प्रदेशमा सरकारी मेडिकल कलेज

रासस
काठमाडौं, ३ भदौ

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विसं २०८० सम्म प्रत्येक प्रदेशमा कम्तीमा एउटा सरकारी मेडिकल कलेज स्थापना गर्ने भएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले सातवटै प्रदेशमा कलेज निर्माण गर्ने क्रममा नै प्रदेश नं २ मा मधेश स्वास्थ्य प्रतिष्ठान र रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको भौतिक पूर्वाधार सुचारु भएको जनाउनुभएको छ। उहाँका अनुसार नेपाली सेना स्वास्थ्य विज्ञान प्रतिष्ठान र काठमाडौं विश्वविद्यालय मेडिकल स्कुललाई सार्वजनिक मेडिकल कलेजको रूपमा तोकी चिकित्सा शिक्षा ऐन-२०७५ को प्रावधान अनुसार छात्रवृत्ति कायम गर्ने प्रक्रियासमेत सुरु भइसकेको छ।

मन्त्रालयले यस अगाडि विभिन्न मितिमा सरकारले चिकित्सा शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारको लागि गरेका सम्झौता कार्यान्वयनका लागि समेत प्रतिबद्ध भएको जनाएको छ। सहप्रवक्ता डा अधिकारीले शिक्षा ऐन-२०७५ को प्रावधान अनुसार विसं २०८५ देखि नेपालको मेडिकल शिक्षा गैर-नाफामूलक हुने भएकोले त्यो नीति कार्यान्वयनको लागि मन्त्रालय प्रतिबद्ध भएको बताउनुभयो।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबिबिएस भर्ना प्रक्रिया शुरु भइसकेको र गेटा मेडिकल कलेज र राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबिबिएस अध्ययनको लागि पूर्वाधार अन्तिम चरणमा पुगिसकेको जनाएको छ।

उहाँले कुनै पनि विश्वविद्यालय र प्रतिष्ठानमा पदाधिकारी नियुक्त गर्दा २०७३ मा तयार भएको मापदण्ड समय सापेक्ष परिमार्जन गर्नका लागि हाल छलफलको क्रममा रहेकोले उक्त परिमार्जित मापदण्डअनुसार पदाधिकारी नियुक्त प्रक्रिया थालिने समेत जानकारी गराउनुभयो। यस्तै छानबिन समितिले बुझाएको प्रतिवेदनका आधारमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका दोषी ठहर भएका कुनै पनि पदाधिकारीलाई संरक्षण गर्ने नीति मन्त्रालयको नभएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

रामलाल श्रीमाया फोटोग्राफी पुरस्कार तनहुँका श्रेष्ठलाई

पोखरापत्र संवाददाता
पोखरा, ३ भदौ

फोटोग्राफर सङ्घद्वारा सञ्चालित गण्डकी प्रदेशस्तरीय रामलाल-श्रीमाया फोटोग्राफी पुरस्कार तनहुँका अग्रज फोटोग्राफर कुमारमोहन श्रेष्ठलाई प्रदान गरिने भएको छ।

फोटोग्राफी व्यवसाय तथा फोटोको माध्यमबाट समाजमा उल्लेखनीय योगदान पुर्‍याएबापत उहाँलाई सो पुरस्कारबाट सम्मान गरिने भएको हो। श्रेष्ठले तनहुँको दमौली बजारमा विगत ५० वर्षदेखि सम्झना फोटो स्टुडियो सञ्चालन गर्दै आउनुभएको छ।

निकट भविष्यमा हुने सङ्घको साधारणसभामा प्रदान गरिने सो पुरस्कारको राशि रु २५ हजार ५५५ सहित दोसल्ला र सम्मानपत्र रहेको छ। पुरस्कार फोटोग्राफर सङ्घ पोखराद्वारा १८२ औं विश्वफोटोग्राफी दिवसका अवसरमा बिहीबार घोषणा गरिएको हो।

पोखराका फोटोग्राफर गणेश छवि र तीर्थ श्रेष्ठले आफ्ना बुबा आमा रामलाल र श्रीमाया श्रेष्ठको सम्मानमा रु एक लाख ५५ हजारको अक्षयकोष स्थापना गरी त्यसको व्याजबाट प्रत्येक दुई वर्षमा एक जनालाई सम्मान गरिँदै आएको सङ्घका अध्यक्ष जनक तिवारीले जानकारी दिनुभयो। प्रदेशका ११वटै जिल्लाबाट प्राप्त रायका आधारमा श्रेष्ठलाई पुरस्कृत गर्ने सिफारिस गरिएको पुरस्कार छनोट समितिका संयोजक राममणि पौडेलले जानकारी दिनुभयो।

उक्त पुरस्कारबाट यसअघि पोखराका अग्रज फोटोग्राफर विश्वरत्न शाक्य, नारायण बाटाजु, रमा राना र मदन सुब्बा सम्मानित भइसक्नु भएको छ।


कोरोना भाइरस रोग (कोभिड-१९)

यस्ता लक्षणहरु देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने।

यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरु अपनाउनुपर्छ।

ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरु व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने

खोक्दा हाच्छ्युँ गर्दा नाक मुख टिस्यु पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यु पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने

भिडभाडमा नजाने र अरुलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने

बेलाबेलामा साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने

कोरोना प्रभावित देशबाट आएको व्यक्तिहरुमा माथिका लक्षणहरु देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ। घरमा बस्दा परिवारका सदस्यहरुबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ।

राष्ट्रिय दैनिक पोखरापत्र www.pokharapatra.com.np

कोरोना भाइरस रोगका बारेमा थप जानकारीको लागि १११५ वा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ मा सम्पर्क गरी।

मनसुन सक्रिय अझै तीन दिन वर्षा हुने

रासस
काठमाडौं, ३ भदौ

मनसुनी वायुको प्रभावले अझै तीन दिन देशको अधिकांश स्थानमा वर्षा हुने जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

मनसुनी वायुको प्रभावसँगै न्यून चापीय रेखा नेपालभन्दा केही दक्षिणतिर रहेको र बङ्गालको खाडीको उत्तर -पश्चिमी भागमा निम्न चापीय प्रणाली रहेकाले अझै तीन दिन मनसुन सक्रिय भई अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् प्रतिभा मान्धरले बताउनुभयो।

उहाँका अनुसार मौसम सफा भई घाम लाग्न अझै केही समय लाग्ने छ। हाल गण्डकी प्रदेशमा सामन्यदेखि पूर्ण बदली रही अन्य प्रदेशमा आंशिकदेखि सामान्य बदली रहेको छ। वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली भई धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक दुई स्थानमा मेघ गर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम २१ दशमलव एक डिग्री र अधिकतम तापक्रम २८ दशमलव दुई डिग्री सेल्सियस रहनेछ। त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १६ दशमलव शून्य डिग्री र सबैभन्दा धेरै दिपालयको अधिकतम तापक्रम ३३ दशमलव शून्य डिग्री सेल्सियस रहने छ।

१४ सांसदलाई पदमुक्त गर्न एमालेको आग्रह

रासस
काठमाडौं, ३ भदौ

नेकपा (एमाले) को संसदीय दलले आफ्नो पत्रबमोजिम वरिष्ठ नेता माधवकुमार नेपालसहित १४ प्रतिनिधिसभा सदस्यलाई छिटो कारबाही गर्न आज सभामुख अग्निप्रसाद सापकोटासँग माग गरेको छ।

गत वैशाख २७ गते तत्कालीन प्रधानमन्त्री एवं पार्टीका अध्यक्ष केपी शर्मा ओलीलाई संसद्मा विश्वासको मत दिने बैठकमा मत नदिएको र गत साउन ३ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई पार्टीको नीतिविपरीत विश्वासको मत दिएको स्थितिमा एमालेले ती सांसद्लाई कारबाही गर्न यही भदौ १ गते सङ्घीय संसद् सचिवालयमा पत्र पठाएको थियो।

एमालेले राजनीतिक दलसम्बन्धी ऐनको दफा २८ बमोजिम कारबाहीका लागि सिफारिस गरेकाले कानूनबमोजिम कारबाही नगरिए प्रतिरोध गर्ने जनाउ दिइएको सभामुखसँगको भेटपछि एमालेका मुख्य सचेतक विशाल भट्टराईले बताउनुभयो।

एमालेले जीवनराम श्रेष्ठ, मुकुन्द न्यौपाने, रामकुमारी झाँक्री, कल्याणी खड्का, लक्ष्मीकुमारी चौधरी, निरादेवी जैरु, पुष्पाकुमारी कर्ण, सरला यादव, कलिला खातुन, विरोध खतिवडा, कृष्णलाल महर्जन, भवानी खापुङ र मेटमणि चौधरीलाई कारबाहीका लागि सिफारिस गरेको थियो। एमालेमा असन्तुष्ट नेता नेपाल पक्षले यही भदौ २ गते राजनीतिक दलसम्बन्धी अध्यादेशबमोजिम नयाँ दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएको छ।

आगामी रणनीति बनाउँदै जसपाको ठाकुर पक्ष

रासस
काठमाडौं, ३ भदौ

निर्वाचन आयोगमा नयाँ दल दर्ताका लागि निवेदन दिएको जनता समाजवादी पार्टी (जसपा)को महन्थ ठाकुर पक्षले पर्टीको आगामी रणनीतिका लागि परामर्शमा जुटेको छ।

जसपाको आधिकारिकता उपेन्द्र यादव पक्षले पाएपछि दलविहीन बनेको ठाकुर पक्षले बुधबार जसपा (लोकतान्त्रिक) नामको दल दर्ताका लागि निवदेन दिएको थियो। नयाँ परिस्थितिमा पार्टीलाई कुन ढङ्गले अघि बढाउने भन्नेबारे आगामी रणनीति बनाउन जसपा ठाकुर पक्षका नेताहरू आन्तरिक छलफलमा जुटेका हुन्। परिवर्तित अवस्थामा पार्टीको आगामी रणनीति बनाउन नेताहरू आन्तरिक परामर्शमा रहेका जसपा ठाकुर पक्षका नेता केशव झाले जानकारी दिनुभयो।

उहाँले निर्वाचन आयोगले आफ्नो प्रक्रिया पुर्‍याएर दल दर्तालाई औपचारिकता दिउञ्जेल पार्टीको आगामी कार्यदिशाबारे आपसी परामर्शमा नेताहरू क्रियाशील रहेको बताउनुभयो।

निर्वाचन आयोगले ऐनअनुरुप नियमावली बनाउनुपर्ने हुन्छ। त्यसपछि मात्रै दल दर्ताको प्रक्रिया अघि बढ्छ। आयोगमा निवेदन दिएका नयाँ दलको दर्ताको औपचारिकताका लागि कम्तीमा २५ दिनजति समय लाग्ने बताइन्छ। सरकारले राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएलगत्तै ठाकुर पक्षका नेताहरूले नयाँ दल दर्ताका लागि निवेदन दिएका हुन्।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

सम्पादकीय

भुतपूर्व गोर्खा सैनिकको जीवन रक्षा गर

बेलायतमा अनसनरत भुतपुर्व गोर्खा सैनिकहरुको जीवन रक्षा गर्न चाहिने ब्यवस्था गर्न सरकारलाई अन्तरिम आदेश दिएको छ। अनसनरत भुतपुर्व गोर्खा सैनिकको स्वास्थ्य अवस्था कमजोर हुँदै गएको छ । साउन २३ गतेदेखि तीन भूतपूर्व गोर्खा सैनिक र उनका परिवार बेलायतका प्रधानमन्त्रीको आवास अगाडि अनशनमा रहेका छन। नागरिक तहबाट र संसदमा समेत भूतपूर्व गोर्खा सैनिकले उठाउँदै आएका मागबारे नेपाल सरकारले बेलायत सरकारसंग कुरा राख्न दबाब दिदै आएका छन। उनीहरूको जीवन रक्षाका लागि दबाब दिन प्रदर्शन समेत भएको छ । सरकारले आफ्ना नागरिकले राखेका न्यायोचित मागबारे बृटिश सरकारसंग कुरा गर्न नसक्नु गैरजिम्मेवार हो। सर्वोच्चले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालयलाई अन्तरिम आदेश दिनुपर्ने अवस्था आउनु विडम्बना हो।

न्यायाधीश दीपककुमार कार्कीको इजलासले नागरिकको जीवन सुरक्षा गर्ने दायित्व नेपाल सरकारको भएको कुरा निर्विवाद रहेको भन्दै बिहीबार सरकारको नाममा आदेश जारी गरेको छ । सरकारलाई नागरिकको जीवनरक्षा गर्ने जे गर्नुपर्ने हो त्यसमा लाग्न आदेशमा भनिएको छ । 'जीवनको सुरक्षाजस्तो गम्भिर विषयमा नेपाल सरकारले तत्काल ध्यान पुन्याउनुपर्ने देखिन्छ । मानव अधिकार र मानविय दृष्टिकोणले हेर्दासमेत मानिसको बाच्न पाउने हक प्राथमिक एवं महत्त्वपूर्ण रुपमा रहेको हुन्छ,' आदेशमा भनिएको छ,' जीउज्यान जस्तो संवेदनशील विषयको अवस्था समेतलाई विचार गर्दा अनसनमा बसेका व्यक्तिहरूको तत्काल जीवनरक्षाको आवश्यकता रहेको र सो व्यवस्था मिलाउनुपर्ने नेपाल सरकारको प्राथमिक दायित्त्व भएकाले बेलायत स्थित नेपाली दूतावासमार्फत अनशनमा बसेका नेपाली नागरिक धनबहादुर गुरुङ, ज्ञानराज राई र पुष्पा राना घलेसमेतको जीवन रक्षार्थ जे जो गर्नुपर्छ गरी आवश्यक व्यवस्था मिलाउनू ।' साउन २३ गतेदेखि तीन भूतपूर्व गोर्खा सैनिक र उनका परिवार बेलायतका प्रधानमन्त्रीको आवास अगाडि अनशनमा रहेको भन्दै उनीहरूको जीवन रक्षाका लागि पहल गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालयलाई सर्वोच्चले अन्तरिम आदेश दिएको छ।

सरकारलाई नागरिकको जीवनरक्षा गर्ने जे गर्नुपर्ने हो त्यसमा लाग्न आदेशमा भनिएको छ । 'जीवनको सुरक्षाजस्तो गम्भिर विषयमा नेपाल सरकारले तत्काल ध्यान पुन्याउनुपर्ने देखिन्छ । मानव अधिकार र मानविय दृष्टिकोणले हेर्दासमेत मानिसको बाच्न पाउने हक प्राथमिक एवं महत्त्वपूर्ण रुपमा रहेको हुन्छ,' आदेशमा भनिएको छ, 'जीउज्यान जस्तो संवेदनशील विषयको अवस्था समेतलाई विचार गर्दा अनसनमा बसेका व्यक्तिहरूको तत्काल जीवनरक्षाको आवश्यकता रहेको र सो व्यवस्था मिलाउनुपर्ने नेपाल सरकारको प्राथमिक दायित्व भएकाले बेलायत स्थित नेपाली दूतावासमार्फत अनशनमा बसेका नेपाली नागरिक धनबहादुर गुरुङ, ज्ञानराज राई र पुष्पा राना घलेसमेतको जीवन रक्षार्थ जे जो गर्नुपर्छ गरी आवश्यक व्यवस्था मिलाउनु । बेलायतमा रहेका नेपालका गोर्खा सैनिकहरुले तलब सुविधा पेन्सनसमेतको सम्बन्धमा पटक पटक बेलायत सरकार समक्ष आफ्नो माग राख्दै समय समयमा विभिन्न आन्दोलन गर्दै आएका छन्।

मार्च २०१८ मा बेलायतको रक्षा मन्त्रालयको प्रतिनिधि, भूतपूर्व गोर्खा सैनिक संघसंस्थाका प्रतिनिधि र नेपाली राजदूत समेत संलग्नतामा प्राविधिक समितिले पटकपटक छलफल गरी उक्त समस्या दुई देशका सरकारले वार्ताद्वारा टुङ्गयाउने सहमति भएको थियो। तर अहिलेसम्म कुनै ठोस पहल नभएपछि गोर्खा सैनिक र निज परिवारका सदस्यहरु अनसन बस्न बाध्य भएका हुन्। सरकारले यस्तो अवस्था छ भन्ने नबुझेर होइन। सत्ताको लागि न्यायोचित मागलाई वेवास्ता गरेको हो। सर्वोच्च अदालतको परमादेशले बनेको सरकारले सर्वोच्च अदालतको आदेश पालना गर्दै नागरिकको जीवन रक्षा गर्ने कामबाट भाग्न पाउदैन।

तपाईको आज

मेष	:	शत्रुको भय	तुला	:	शारीरिक झमेला
वृष	:	सम्मान मिल्नेछ	वृश्चिक	:	झमेला बड्ने
मिथुन	:	सत्कार मिल्नेछ	धनु	:	कार्यमा सफलता
कर्कट	:	मन चञ्चल	मकर	:	अप्रत्यसित लाभ
सिंह	:	आर्थिक समस्या	कुम्भ	:	सहयोग मिल्नेछ
कन्या	:	मानसिक तनाब	मीन	:	ब्यापारमा लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

स्थानीय तहका प्रकोप प्राथमिकीकरणमा बाढीपहिरो

–कृष्ण न्यौपाने

दमौली, ३ भदौ (रासस)

तनहुँका १० वटै स्थानीय तहले जोखिम प्राथमिकीकरणमा बाढीपहिरो नियन्त्रणलाई सूचीकृत गरेका छन् । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ का लागि तयार गरिएको प्रतिवेदनमा सबै पालिकाले प्रकोपको प्राथमिकीकरण गर्दा बाढीपहिरालाई उच्च जोखिममा राखेका हुन्।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विपद् व्यवस्थापन समितिबाट पारित भएको छ । जिल्लाका स्थानीय तहले प्रकोपको प्राथमिकता क्रममा पहिरो, बाढी, आगलागी, सुक्खा खडेरी, महामारी, चट्याङ हावाहुरी, सडक दुर्घटना र भूकम्पलाई राखेको प्रमुख जिल्ला अधिकारी सागर आचार्यले जानकारी दिनुभयो।

पाँच पालिकाले पहिरालाई पहिलो, चार पालिकाले बाढीलाई दोस्रो, चार पालिकाले आगलागीलाई तेस्रो, चार पालिकाले सुक्खा खडेरीलाई चौथो, पाँच पालिकाले महामारीलाई पाँचौं, चार पालिकाले चट्याङ हावाहुरीलाई छैटौं, पाँच पालिकाले सडक दुर्घटनालाई सातौं र पाँच पालिकाले भूकम्पलाई आठौं सूचीमा सूचीकृत गरेका छन्।

जिल्ला प्रशासन कार्यालयका अनुसार व्यास नगरपालिकाले पहिरो, बाढी, आगलागी, सुक्खा खडेरी, महामारी, चट्याङ, हावाहुरी, भूकम्प र सडक दुर्घटनालाई प्राथमिकीकरणअनुसार सूचीकृत गरेको छ । भानु नगरपालिकाले पहिलामा बाढी, दोस्रोमा पहिरो, तेस्रोमा आगलागी, चौथोमा महामारी, पाँचौंमा चट्याङ हावाहुरी, छैटौंमा भूकम्प, सातौंमा सडक दुर्घटना र आठौंमा सुक्खा खडेरीलाई सूचीकृत गरेको छ । भिमाद नगरपालिकाका पहिलोमा पहिरो, दोस्रोमा बाढी, तेस्रोमा सुक्खा खडेरी, चौथोमा आगलागी, पाँचौंमा महामारी, छैटौंमा चट्याङ हावाहुरी, सातौंमा भूकम्प र आठौंमा सडक दुर्घटनालाई सूचीकृत गरेको छ । शुक्लागण्डकी नगरपालिकाले पहिलोमा आगलागी, दोस्रोमा सुक्खा खडेरी, तेस्रोमा पहिरो, चौथोमा बाढी, पाँचौंमा महामारी, छैटौंमा चट्याङ हावाहुरी, सातौंमा सडक दुर्घटना र आठौंमा भूकम्प सूचीकृत गरेको छ।

देवघाट गाउँपालिकाले पहिलोमा बाढी, दोस्रोमा पहिरो, तेस्रोमा आगलागी, चौथोमा सुक्खा खडेरी, पाँचौंमा चट्याङ हावाहुरी, छैटौंमा महामारी, सातौमा भूकम्प र आठौमा सडक दुर्घटना, बन्दीपुर गाउँपालिकाले पहिलोमा पहिरो, दोस्रोमा आगलागी, तेस्रोमा सुख्खा खडेरी, चौथोमा बाढी, पाँचौंमा चट्याङ हावाहुरी, छैटौंमा महामारी, सातौंमा सडक दुर्घटना र आठौंमा भूकम्पलाई प्रकोपको प्राथमिकीकरण गरेको छ।

घिरिङ गाउँपालिकाले पहिलोमा पहिरो, दोस्रोमा बाढी, तेस्रोमा महामारी, चौथोमा चट्याङ हावाहुरी, पाँचौंमा भूकम्प, छैटौंमा सडक दुर्घटना, सातौंमा आगलागी, आठौंमा सुक्खा खडेरी, ऋषिङ गाउँपालिकाले पहिलोमा पहिरो, दोस्रोमा आगलागी, तेस्रोमा बाढी, चौथोमा सुक्खा खडेरी, पाँचौंमा महामारी, छैटौंमा चट्याङ हावाहुरी, सातौंमा सडक दुर्घटना, आठौंमा भूकम्प, आँबुखैरेनी गाउँपालिकाले पहिलोमा आगलागी, दोस्रोमा बाढी, तेस्रोमा पहिरो, चौथोमा सुक्खा खडेरी, पाँचौंमा चट्याङ हावाहुरी, छैटौंमा महामारी, सातौंमा सडक दुर्घटना, आठौंमा भूकम्प र म्याग्दे गाउँपालिकाले पहिलोमा सुक्खा खडेरी, दोस्रोमा पहिरो, तेस्रोमा आगलागी, चौथोमा बाढी, पाँचौं महामारी, छैटौंमा सडक दुर्घटना, सातौंमा चट्याङ हावाहुरी र आठौंमा भूकम्पलाई प्राथमिकीकरण गरेको छ।

६२ वडा पहिराका जोखिममा

जिल्लाका १० पालिकाका ८५ वडामध्ये ६२ वडा पहिराका जोखिममा रहेको देखिएको छ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ मा उल्लेख भएअनुसार १० वटै पालिकाका विभिन्न वडा पहिराका जोखिममा छ । व्यास नगरपालिका-१ देखि १२ र १४ का ६२ टोल बस्ती, भानु नगरपालिका-२ देखि १३ का ३६ बस्ती, भीमाद नगरपालिका-३, ५, ७, ८ र ९ का सात बस्ती, शुक्लागण्डकी नगरपालिका-२ र ७ का दुई बस्ती, देवघाट गाउँपालिका-१ को तीन बस्ती, वडा नं २-४ को सम्पूर्ण क्षेत्र र वडा नं ५ को दुई बस्ती पहिराका उच्च जोखिममा छन्।

बन्दीपुर गाउँपालिका-१, २, ४ र ५ का १० बस्ती, घिरिङ गाउँपालिका- १-५ सम्मका १० बस्ती, ऋषिङ गाउँपालिका-१, २, ६, ७, ८ का बस्ती, आँबुखैरेनी गाउँपालिका-४ र ६ का बस्ती, म्याग्दे गाउँपालिका २-६ सम्मका बस्ती पहिराका जोखिममा छन् । त्यस्तै व्यास नगरपालिका-१-६-८-९ र ११-१२ गरी ४७ टोल, भानु नगरपालिका-३, ५, ६, ८, ९, ११ का १६ टोल, भीमाद नगरपालिका-१ का दुई बस्ती बाढीको जोखिममा छन्।

शुक्लागण्डकी नगरपालिका-४ र ८ का बस्ती, देवघाट गाउँपालिका- १-५ अन्तर्गतका तटीय नदी क्षेत्र, बन्दीपुर गाउँपालिका-६ को सामीकोट क्षेत्र, घिरिङ गाउँपालिकाअन्तर्गत कालीगण्डकी, मैदीखोला र सिरिङ्दीखोला किनारका बस्ती, ऋषिङ गाउँपालिकाअन्तर्गत झापुटार र बेलटारका नदी किनारका क्षेत्र, आँबुखैरेनी गाउँपालिका-१, २, ३, ४ का बस्ती र म्याग्दे गाउँपालिका-६ को अकला क्षेत्र बाढीको जोखिममा छन्।

"मनसुनको समयमा घट्न सक्ने विभिन्न प्रकोपका घटना र यसबाट सिर्जना हुने विपद्को अवस्थामा तत्काल खोज, उद्धार तथा राहत वितरणलगायतका कार्य गर्न कार्ययोजना बनाएर अगाडि बढेका छौं", प्रजिअ आचार्यले भन्नुभयो, "सम्पूर्ण सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र स्थानीय समुदायको प्रभावकारी परिचालनबाट राहत तथा उद्धार कार्यलाई जोड दिएका छौं।"

यो योजनाले मनसुनका कारण उत्पन्न हुने जोखिमको पूर्वानुमान गरी न्यूनीकरणमा सहयोग पुग्ने, राहत सङ्कलन एवं उद्धारका लागि सरकारी एवं गैरसरकारी निकायको अधिकतम परिचालन हुने, मनसुनको कारण उत्पन्न हुनसक्ने विपद्मा प्रतिकार्यका लागि सम्बद्ध निकाय तयारी अवस्थामा रहने विश्वास लिइएको उहाँले बताउनुभयो।

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३ पालिखेचोकदेखि तेर्सापट्टीसम्म नाली निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम: पालिखेचोकदेखि तेर्सापट्टीसम्म नाली निर्माण
स्थान: पोखरा-३, तेर्सापट्टी
योजना सुरु मिति : २०७८/०२/२१ गते
योजना सम्पन्न मिति : २०७८/०४/३१ गते
योजनाको कुल लागत : रु.९,००,१२८.१३।-
महानगरपालिकाबाट प्राप्त रकम : रु.४,५०,०००।-
जनसहभागिता: रु.४,५०,१२८।-
निर्माण कार्यमा खर्च भएको रकम: रु. ९,००,१२८.१३।-

उपभोक्ता समिति अध्यक्ष: राममाया ढ्वा
सचिव: सन्तोष बानिया
कोषाध्यक्ष: नर बहादुर घर्ती

पालिखेचोकदेखि तेर्सापट्टीसम्म नाली निर्माण समिति
पोखरा-३

पर्वतको चिसापानी लेकमा व्यावसायिक चिया खेती सुरु

पोखरापत्र संवाददाता

पर्वत, ३ भदौ

महाशिला गाउँपालिका-५ लुङ्खुदेउरालीस्थित चिसापानीको लेकमा चिया खेती सुरु गरिएको छ । सोही गाउँपालिकाको वडा नं ६ फलामखानीमा चियाखेतीको सफल उत्पादन हुन थालेपछि लङ्खुदेउरालीमा पनि विस्तार गर्न थालिएको हो । चिसापानी लेकको खाली जमिनमा चियाका बिरुवा रोप्न थालिएको गाउँपालिकाका प्रवक्ता जीवनविक्रम उच्चैले जानकारी दिनुभयो । उहाँका अनुसार शुरुआतको चरणमा अहिले एक हजार बिरुवा रोपिने भएको छ।

झण्डै एक दशकदेखि चियाखेती शुरुआत गरिएको फलामखानी र यहाँको हावापानी एकै प्रकृतिको छ । चिसापानी प्रशिद्ध धार्मिक एवं पर्यटकीयस्थलका रुपमा समेत विकास हुँदै गएको छ। यस वर्ष परीक्षणका रुपमा एक हजार बोट रोप्न थालिएको र बिरुवा हुर्कंदै गए तथा हावापानी मिले आगामी वर्षदेखि थप विस्तार गर्दै जाने उच्चैले जानकारी दिनुभयो । गाउँपालिकाले नियुक्त गरेका स्वयंसेवकलाई नै चियाका बिरुवा रोपणमा खटाइएको छ। उनीहरूले नै फलामखानीदेखि बिरुवा ल्याएर रोप्न थालेका छन् ।

केही दिनमै बिरुवा रोपेर सकिने उच्चैले बताउनुभयो । फलामखानीमा यस वर्ष झण्डै १२ हजार चियाका बिरुवा तयार गरिएको थियो । चिसापानी क्षेत्रमा चियाखेती विस्तारका लागि हजारौं रोपनी क्षेत्रफल खाली भए पनि अहिले परीक्षणका लागि १० रोपनी जग्गामा मात्र बिरुवा रोप्न थालिएको हो । फलामखानीमा ६० हेक्टर क्षेत्रफलमा चिया खेती गरिएको छ ।

उत्पादित बिरुवामध्ये झण्डै १० हजारको सङ्ख्यामा फलामखानीकै विभिन्न क्षेत्रमा खेती विस्तार गर्ने योजनासमेत गाउँपालिकाले बनाएको छ । फलामखानीमा पनि अहिले बिरुवा रोप्ने काम भइरहेको वडाध्यक्ष रामबहादुर सुनारले जानकारी दिनुभयो । उच्च पहाडी क्षेत्रमा रहेको गाउँपालिकाका सबैजसो वडामा चियाखेतीको सम्भावना छ । गाउँपालिकालाई चियाखेतीबाट आत्मनिर्भर बनाउने उद्देश्यले चिया प्राधिकरण नै बनाएर निजी तथा साझेदारी मा खेती विस्तार गर्नेसमेत गाउँपालिकाको योजना छ ।

बिबिध सेवा तथा वस्तुहरु उपलब्ध गराउने बारेको शिलबन्दी बोलपत्र आव्हान

INTERNATIONAL NEPAL FELLOWSHIP

प्रथम पटक प्रकाशन मिति २०७८/०३/१७
दोस्रो पटक प्रकाशन

आई एन एफ नेपाललाई आ.ब. २०७८/०७९ मा तपशिलमा उल्लेखित बस्तु तथा सेवाहरु शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य आपुर्तिकर्ताहरुबाट मिति २०७८ भदौ १७ गते कार्यालय समय बेलुका ४:०० बजे भित्र यस अस्पतालबाट उपलब्ध गराईएको बोलपत्र फाराम भरी आ.व. २०७६/०७७ को आयकर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, सेवाको प्रकृति अनुसार आवश्यक पर्ने PAN/VAT दर्ताका साथै फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नुहुन जानकारी गराईन्छ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ । अन्य थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नु हुन समेत जानकारी गराईन्छ ।

१. स्टेशनरी आपुर्ति २. छपाई सम्बन्धी कार्य ३. किराना सामाग्री आपुर्ति

सम्पर्क
प्रशासन तथा सहयोग विभाग
आई एन एफ नेपाल
हरियो खर्क अस्पताल
पोष्ट बक्स नम्बर: २८, पोखरा, नेपाल, फोन नं : ०६१-४३०६४०, ४३०३४२
Email Address : procurement.gph@nepal.inf.org

आयो टप्प टिप्पो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्म:
वि. स. १९९७/०१/२५ गते

स्वर्गारोहण:
वि.स. २०७८/०४/२४ गते

स्व: जुनुदेवी श्रेष्ठ

हाम्रा यस पदमनारायण श्रेष्ठको छोरा हर्षमान श्रेष्ठ कुल द्यो: समाजका कुल भाइहरु जंगबहादुर श्रेष्ठ, चन्द्रबहादुर श्रेष्ठ, प्रेमबहादुर श्रेष्ठ र चीनबहादुर श्रेष्ठका ममतामयी आमा पुर्व कुलनाय स्व. गंगाबहादुर श्रेष्ठका धर्मपत्नी, सरल स्वभावकी धनी, अति मिलनसार, पथप्रदर्शक हाम्रा भाउजू/आमा **जुनुदेवी श्रेष्ठ**को ८१ वर्षको उमेरमा असामयीक स्वर्गारोहणले हामी स्तब्ध र अत्यन्त मर्माहत भएका छौं । यस दुखद घडीको आज १३ औं दिनको पुण्यतिथिमा ब्रह्मलीन आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्रार्थी
नाय पूर्णलाल श्रेष्ठ
तथा
पदमनारायण श्रेष्ठका छोरा हर्षमान श्रेष्ठ
कुल द्यो: समाज परिवार पोखरा-१३

‘एक शिक्षक, एक ल्यापटप’

–खेमराज गौतम
बागलुङ, ३ भदौ (रासस)

सूचना प्रविधिको अवसर र पहुँच बढाउने अभिप्रायले बागलुङ जिल्लाको दुर्गम गाउँपालिका निसीखोला गाउँपालिका-१ मा रहेको देवीस्थान माध्यमिक विद्यालयलले सूचना प्रविधिमैत्री बनाउने प्रयास थालेको छ।

इन्टरनेट सेवाको पर्याप्त पहुँच नभएको गाउँपालिका शिक्षालाई प्रविधिमैत्री बनाउनका लागि विद्यालयले आफ्नै लगानीमा शिक्षकलाई ल्यापटप वितरण गरेको छ । विद्यालयले ल्यापटप वितरण गरे पनि अधिकांश शिक्षक प्रविधिको सीप कौशलका विषयमा अनभिज्ञ छन् । यसकारण शिक्षकलाई कम्प्युटरसम्बन्धी तालिमसमेत विद्यालयले दिएको छ । गत वर्ष आधारभूत कम्प्युटरसम्बन्धी ज्ञान दिए पनि त्यति मात्रै पर्याप्त नभएको शिक्षकहरूले बताएका छन् ।

विद्यालयले ‘एक शिक्षक, एक ल्यापटप’ कार्यक्रमअन्तर्गत १६ जना शिक्षकलाई ल्यापटप वितरण गरेको विद्यालयका प्रधानाध्यापक झगबहादुर क्षेत्रीले बताउनुभयो । रु १० लाखको लागतमा विद्यालयले ल्यापटप वितरण गरेको उहाँको भनाइ छ । सूचना प्रविधिको विकाससँगै शिक्षालाई प्रविधिसँग जोड्ने कोसिस गरेको र सुरुमा केही जटिलता भए पनि त्यसलाई विस्तारै सामना गर्दै जाने क्षेत्री बताउनुहुन्छ । यस वर्ष ल्यापटप वितरणसँगै थप तालिम दिइने विद्यालयका प्रधानाध्यपक झगबहादुर क्षेत्रीले बताउनुभयो । प्रअ क्षेत्रीले विद्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाउनका लागि गत वर्षदेखि शिक्षक स्टाफलाई कम्प्युटरसम्बन्धी तालिम दिइएको र यस वर्ष ल्यापटप वितरणसँगै आवश्यक तालिम दिइने जानकारी दिनुभयो । “सूचना प्रविधिको जमानामा, हामीहरू पनि सूचना प्रविधिसँगै परिवर्तन भएर विद्यार्थीलाई त्यही किसिमको शिक्षा दिक्षा दिन जरुरी छ, हामीले गत वर्षदेखि नै शिक्षकलाई कम्प्युटरसम्बन्धी सामान्य ज्ञान दिन थालेका थियौँ”, उहाँले भन्नुभयो, “अहिले विद्यालयमा अध्यापनरत सबै शिक्षक स्टाफलाई ल्यापटप वितरण गरेका छौँ, उहाँहरूलाई कम्प्युटरसम्बन्धी आवश्यक तालिमका लागि चार शिक्षकको टिम बनाएका छौँ ।” प्रअक्षेत्रीले कोरोना महामारीका समयमा पनि अब विद्यार्थीलाई प्रविधिको प्रयोग गरेरै पठनपाठनलाई तीव्रता दिन सकिने जनाउँदै यसका लागि आवश्यक तयारीसमेत गरेको बताउनुभयो । विद्यालयमा गत वर्ष गाउँपालिकाले इन्टरनेट जडान गरेको छ। गत वर्षदेखि नै बालविकासदेखि कक्षा २ सम्म स्मार्ट टिभी प्रयोग गर्दै बालबालिकालाई खेल्दै र माउँदै सिक्ने वातावरण तयार गरिएको उहाँको भनाइ छ। यस्तै कक्षा ८ देखि १० सम्म प्रोजेक्टरको प्रयोग गरेर नियमित अध्यापन गराउँदै आइरहेको छ । उहाँले सबै कक्षामा स्मार्टबोर्ड र प्रोजेक्टर प्रयोग गरी पठनपाठनलाई तीव्रता दिन लक्ष्य रहेको बताउनुभयो । उहाँले अनलाइन कक्षा सञ्चालनका लागि र सबै विद्यार्थीलाई समेट्नका लागि डाटा सङ्कलन गरेको भन्दै विद्यालयले सङ्कलन गरेको विवरणमा धेरै अभिभावकको हातमा स्मार्ट फोन रहेको बताउनुभयो । यस विद्यालयमा कक्षा १२ सम्म पढाइ हुने गर्छ । अब कक्षा ८ देखि १२ सम्मलाई तत्काले प्रविधिसँग जोड्ने र अन्य कक्षालाई पनि विस्तारै जोड्दै जाने विद्यालयले जनाएको छ । विद्यालयमा कम्प्युटरसम्बन्धी ज्ञान भएका शिक्षक आधा बढी रहेको र अन्यलाई सहयोगको आवश्यकता पर्ने प्रअ क्षेत्री बताउनुभयो । अहिले विद्यालयमा ४१० विद्यार्थी अध्ययनरत छन् । भर्ना अभियान अझै जारी छ।

विद्यालयका शिक्षक पुरनध्वज गुरुङले अहिलेसम्म चक, डस्टर तथा मार्कले स्वाइट बोर्डमा लेख्दै सिकाउँदै आएकामा अब डिजिटल माध्यमबाटै विद्यार्थीलाई अध्ययापन गराउन सक्ने भएको बताउनुभयो।

सिताके च्याउबाट मनग्य आम्दानी

पोखरापत्र संवाददाता
गोरखा, ३ भदौ

च्याउ खेतीलाई रोजगारीको आधार बनाई किसानले मनग्य आम्दानी लिन थालेका छन्। सामान्य तालिम लिएपछि थोरै लगानीमा च्याउ खेती गर्न सकिने भएपछि किसानमा यसतर्फ आकर्षणसमेत बढेको छ।

गोरखा नगरपालिका-५ ठूलोरिपका सानुमाया थापामगरले सिताके च्याउको खेतीबाट मनग्य आम्दानी गर्दै आएका छन्। मगर परिवारले च्याउखेतीबाट वार्षिक रु १२ लाखभन्दा बढी आम्दानी गर्ने गरेका छन् । बजारमा राम्रो मूल्यमा बिक्री हुने सिताके च्याउको व्यावसायिक खेतीले परिवारमा रहेका २२ जनाले राम्रोसँग जीविकोपार्जन गर्दै आएको उहाँले बताउनुभयो । सुरु-सुरुमा आफैँले खानका लागि खेती गरेका थापामगरको परिवारले विस्तारै यसलाई बढाउँदै लगेर अहिले व्यावसायिकरूपमा सिताके च्याउखेती गर्न थालेका हुन्। “विसं २०७२ माघ महिनाबाट खेती गर्न सुरु गरेको हो, अहिले करिब छ वर्ष हुनै लाग्यो”, थापामगरले भन्नुभयो, “आम्दानी र राम्रो भएकाले घरका २२ जना परिवार पाल्न समस्या परेको छैन ।” सिताके च्याउखेतीबाट सिजनका बेला दैनिक रु पाँच हजारसम्म आम्दानी गर्ने गरेको उहाँको भनाइ छ। “राम्रो उम्रेका बेला एकैदिनमा १० किलोसम्म उत्पादन हुन्छ, बजारमा माग बढी भएकाले पुऱ्याउन नै सकिदैन”, उहाँले भन्नुभयो । अहिले बजारमा प्रतिकिलो रु ५०० मा सिताके च्याउ बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो।

उत्पादन भएका च्याउ बजारभन्दा पनि वरपर र छरछिमेकलाई बिक्री गर्दैमा सकिने भएकाले मुख्य बजारमा पुऱ्याउन अझै नपाएको थापामगरको भनाइ छ । “विशेषगरी मङ्सिरदेखि चैत महिनासम्म राम्रो उत्पादन हुने गर्छ”, उहाँले भन्नुभयो, “वर्षभरिमा यो चार महिनाको अवधिमा राम्रो कमाइ हुन्छ।” थापामगरको परिवारले दुईवटा प्लाष्टिकको घर निर्माण गरेर सिताके च्याउखेती गर्दै आएका छन् । ती घरमा करिब एक हजार मुडामा सिताके च्याउखेती गर्दै आएको उहाँले बताउनुभयो। मुटुरोगीलाई फाइदा पुग्ने भन्ने सुनेकाले सुरु-सुरुमा आफैँले किनेर खाने गरेका थापामगरले विस्तारै आफैँ सिताके च्याउखेतीमा लागेका हुन् । “पकाएर खाँदा अरु च्याउभन्दा स्वादिलो र मिठो भएपछि आफैँले खेती गर्ने सोच बनाएँ, अहिले यही खेतीबाट परिवारलाई खाना लाउन र बालबच्चा पढाउन पुगेको छ”, उहाँले भन्नुभयो । थोरै लगानीमा सुरु गरेको च्याउखेतीले राम्रो आम्दानी देला भन्ने नसोचेका थापामगरको परिवार अहिले यसबाट राम्रो आम्दानी हुन थालेपछि सन्तुष्ट बनेका छन् । व्यावसायिकरूपमा च्याउखेती गर्न थालेको पाँच वर्ष भइसक्दा पनि कतैबाट पनि आर्थिक तथा प्राविधिक सहयोग नपाएको गुनासो उहाँको छ । “राम्रोसँग तालिम पनि अहिलेसम्म लिन पाएको छैन”, उहाँले भन्नुभयो, “श्रीमान्‌ले युट्युब हेर्नुहुन्छ, त्यही हेरेर कसरी खेती गर्न सिक्छौँ र त्यसैका आधारमा काम गर्छौँ।” शुरुमा काठको मुढामा च्याउको बीउ प्वाल पारेर रोपेपछि करिब छ महिनापछि उत्पादन सुरु हुने किसान थापामगरको भनाइ छ। “छ महिना ठ्याक्कै लाग्छ पहिलो पटक उत्पादन सुरु हुन”, त्यसपछि निरन्तर पाँच वर्षसम्म एकपटक रोपेको बीउले उत्पादन दिने हुँदा काम गर्न त्यति झन्झटिलो भने छैन ।” सुरुमा राम्रो हुँदैन कि भन्ने लागेको भए पनि अहिले उत्पादन र आम्दानी भएको देखेर आफूहरू सिताके च्याउको खेतीबाट सन्तुष्ट भएको कृषक थापामगरको भनाइ छ। जिल्लामा एक हजारभन्दा बढी किसान च्याउ खेतीमा संलग्न रहेको बताइएको छ । च्याउ खेतीमा किसानको आकर्षण बढेकाले प्राविधिक समस्या निराकरणका लागि आवश्यक जनशक्ति परिचालन गर्नुपर्ने माग किसानको छ । च्याउको माग ठूला सहरहरूमा धेरै छ । त्यसैले ठूलो परिमाणमा सामूहिक खेती गर्न किसानहरूलाई सुझाएको प्राविधिकहरूको भनाइ छ।

कोरोना कहरकाबीचमा पनि मर्दी पदयात्रा मार्गको स्तरोन्नति

–वासुदेव पौडेल
गण्डकी, ३ भदौ (रासस)

मर्दी हिमाल पदयात्रा मार्गमा कोरोना कहरकाबीचमा पनि स्तरोन्नतिका काम अघि बढेका छन् ।

छोटो समयको पदयात्रामार्फत हिमाल चुम्न सकिने चासो र चर्चा कमाएका पदमार्गका रुपमा मर्दी हिमाल पदयात्रा मार्गको स्तरोनतिका काम अघि बढेका हुन् । पछिल्ला वर्षमा स्वदेशी एवं विदेशी पर्यटकको बढ्दो आकर्षणसँगै राज्यकोसमेत चासो पुगेको यस पदमार्गमा पर्यटन विभागको सहयोगमा स्तरोन्नतिका काम अघि बढाइएको हो। स्तरोन्नति अन्तर्गत पदमार्गको लो क्याम्पबाट भ्यु प्वाइन्टसम्म चार हजार २०० सिँढी निर्माण गरिएको छ भने २५० घनमिटर मेसिनरी वाल निर्माण गरिएको छ।

त्यस्तै पदमार्गका विभिन्न अप्ठेरा स्थानमा गरी चार हजार किलो तौलको फलामबाट ठाउँ ठाउँमा रेलिङ राख्ने काम सम्पन्न भएको पर्यटन व्यवसायी एवं मर्दी ट्रेक पर्यटन व्यवस्थापन तथा व्यवसायी समितिका संस्थापक अध्यक्ष सुदिप गौतमले जानकारी दिनुभयो । मर्दी ट्रेक जुनसुकै उमेर समूहका व्यक्तिले पनि पदयात्रा गर्न सक्ने पदमार्ग भएको बताउँदै उहाँले पछिल्ला वर्षमा यो स्वदेशी एवं विदेशी पर्यटकको रोजाइँमा परेको बताउनुभयो।

प्राकृतिक सुन्दरताले भरिएको यस पदयात्रा मार्गका हरेक मनमोहक दृश्य यहाँको विशिष्टता भएको बताउँदै गौतमले कोरोना कहरका कारण यस क्षेत्रको पदयात्रा पनि प्रभावित बनेको बताउनुभयो । गुराँस फुल्ने जङ्गलैजङ्गल चराचुरुङ्गीको चिरविराहट सुन्दै र देख्दै हिँड्न सकिने यस मार्गमा सबै उमेर समूहका व्यक्तिले पदयात्रा गर्नसक्ने र चाँदीजस्तै टलक्क टल्किएका माछापुच्छे, मर्दी, अन्नपूर्ण साउथ, गङ्गापूर्णजस्ता हिमाललाई एक साथ अवलोकन गर्न सकिन्छ।

चाँडै नै कोरोनाको कहरको अन्त्य भई पदयात्रा पर्यटन पूर्ववत् अवस्थामा फर्कने आशा एवं विश्वासमा यस क्षेत्रका पर्यटन व्यवसायी रहेको गौतमले बताउनुभयो । उहाँका अनुसार पदयात्रा मार्गको धम्पुसदेखि अष्ट्रेलियन क्याम्प, पोथना, देउराली, लो क्याम्प, फोरेष्ट क्याम्प, बादलडाँडा, मर्दीहाइक्याम्प हुँदै भ्युप्वाइन्टसम्म लगभग १०० वटा होटेल रहेका छन् । यस क्षेत्रको पदयात्रा पर्यटनलाई पूर्ववत् अवस्थामा फर्काउनका लागि सर्वप्रथम यस क्षेत्रका लगभग ४०० व्यवसायी तथा मजदुरलाई कोरोना विरुद्धको खोप लगाउनु आवश्यक भएको उहाँले बताउनुभयो।

नेपालको राष्ट्रिय फूल लालीगुराँसले ढकमक्क ढाकिएको जङ्गलै जङ्गलबीच हिँड्ने पदमार्ग भएकाले चैत वैशाखको समयमा यहाँको सुन्दरता रमणीय हुने यहाँका होटल व्यवसायी बताउँछन् । उनीहरुका अनुसार पदयात्रा गर्दा सुरूमा गुलाबी रङको गुराँस देखिए पनि माथि जाँदै गर्दा गाढा रङको लालीगुराँस देख्न पाइनु अर्को महत्वपूर्ण पक्ष हो । मर्दीलगायतका पदमार्ग स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बनेको बताउने ट्रेकिङ एजेन्सीज एशोसिएशन नेपाल(टान) पश्चिमाञ्चल क्षेत्रीय सङ्घका पूर्वअध्यक्ष सोम थापाले कोरोनाका कारण पर्यटन क्षेत्र नराम्रोसँग प्रभावित भएको बताउनुभयो । कोरोना कहरका बीचमा पनि पदमार्ग स्तरोन्नति हुनुले पर्यटकीय गतिविधिमा थप टेवा पुऱ्याउने बताउँदै पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्षसमेत रहनुभएका थापाले पदयात्रा मार्गमा व्यवसायी तथा मजदुरलाई तत्काल खोपको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । मर्दी हाइक्याम्पस्थित होटल ट्रेकेस प्याराडाइजका सञ्चालक समेत रहेका सुदीप गौतमका अनुसार सन् २००७ मा मर्दी हाइक्याम्पमा होटल खोलिएसँगै पदमार्ग क्षेत्रका अन्य स्थानमा होटेल निर्माणले गति लिएको हो । कास्कीको काँडेबाट प्रारम्भ हुने यस पदयात्रा मार्ग अस्ट्रेलियन क्याम्प, पोथना, प्रितम देउराली, फोरेष्ट क्याम्प, लो क्याम्प, बादलडाँडा हुँदै मर्दी हाइक्याम्पसम्म पुग्दछ । यी सबै स्थानमा बस्न र खानका लागि होटल सञ्चालनमा आइसकेका छन्।

समुद्री सतहबाट तीन हजार ५५० मिटर उचाइको मर्दी हाइक्याम्पबाट करिब दुई घण्टामा चार हजार २०० मिटर उचाइको ‘भ्यू प्वाइन्ट’ र त्यहाँबाट दुई घण्टामा चार हजार ५०० मिटर उचाइको मर्दी आधार शिविर पुग्न सकिन्छ। सुरूमा काँडे हुँदै पदयात्रा गर्नेहरू फर्कंदा भने माछापुच्छे गाउँपालिकाको सिदिङबाट आउँछन् । सिदिङसम्म जीप जाने भएकाले त्यहाँबाट झण्डै दुई घण्टाको समयावधिमा पर्यटक पोखरा पुग्दछन् । प्रकृतिमा आधारित पदमार्गका रुपमा स्थापित यो पदमार्गमाको लो क्याम्पबाट भ्यु प्वाइन्टसम्म चार हजार २०० सिँढी निर्माणका साथै मेसिनरी वाल, रेलिङ आदिको निर्माणले पदयात्रालाई थप सुरक्षित बनाउने पर्यटन व्यवसायी बताउँछन्।

कोरोना कहरका कारण प्रभावित पदयात्रा पर्यटनलाई जोगाउनका लागि नेपाल पर्यटन बोर्ड र युनडिपीको संयुक्त प्रयासमा पदयात्रा पर्यटन लक्षित कार्यक्रम अघि बढाउने तयारी पनि गरिएको छ। पदयात्रा क्षेत्रका मजदुरलाई पेशामा टिकाइ राख्नका लागि उनीहरूलाई विग्रेभत्केका पदमार्ग मर्मत गर्न लगाउँदै रोजगारी सिर्जना गरी केही न केही राहत पुऱ्याउने लगायतका योजना अघि बढाउन लागिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीले जानकारी दिनुभयो।

पदयात्रा पर्यटनसँग जोडिएका मजदुरलाई यस पेशामा टिकाउनु आवश्यक भएको बताउँदै उहाँले कोरोना कहर अन्त्य भएसँगै पर्यटन क्षेत्रले पुनः गति लिने विश्वास व्यक्त गर्नुभयो।

INVITATION TO SUBMIT BID FOR THE OPD BUILDING EXTENSION OF INF NEPAL GREEN PASTURES HOSPITAL

INTERNATIONAL
NEPAL
FELLOWSHIP

Interested companies must satisfy each of the following criteria:

1. Registered with the Nepal Government
2. Submit a tax clearance certificate of fiscal year 2076/77
3. Average annual turnover of last three years should not be less than Rs 10 million per year.
4. Bids will not be accepted from joint ventures.

Tender documents can be obtained from INF Administration Office Green Pastures Hospital Nayagaun, Pokhara for NPR 2000/-(non-refundable) between 10 AM to 4 PM except Saturdays. Completed bid document will be accepted at INF Administration Office Green Pastures Hospital until **4 PM on 3rd September 2021.**

Tenders submitted after the stipulated date and time shall be disqualified. The envelope must contain the bid document and all supporting documents stated in the Bidding Document Sheet.

The pre-bid meeting will be held on at **11:00 am on 23rd August 2021** in INF Green Pastures Hospital Complex

The bid document will be opened at INF Nepal Green Pastures Hospital, Nayagaun Pokhara at **3:00 PM on 5th September 2021** as per the policy of the organization. The client reserves the right to reject any or all tenders at its own discretion.

INF Nepal, Green Pastures Hospital, Nayagaun, Pokhara
Office phone : 061-430342, 431162
Email: procurement@gph.nepal.inf.org

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्म:
वि. स. १९९७/०१/२५ गते

स्वर्गारोहण:
वि.स. २०७८/०४/२४ गते

स्व: जुनुदेवी श्रेष्ठ

हाम्रा यस भद्रकाली सी गुठी (चौं) का गुठी भाइद्वय जंगबहादुर श्रेष्ठ र चन्द्रबहादुर श्रेष्ठ तथा भाइहरु प्रेमबहादुर श्रेष्ठ र चीनबहादुर श्रेष्ठका ममतामयी आमा, यस गुठीका पूर्व नाय स्व. गंगाबहादुर श्रेष्ठको धर्ममत्नी **जुनुदेवी श्रेष्ठ**को उपचारकै क्रममा ८१ वर्षको उमेरमा असामयीक स्वर्गारोहणले हामी स्तब्ध र अत्यन्त मर्माहत भएका छौं। यस दुखद घडीको आज १३ औं दिनको पुण्यतिथिमा ब्रह्मलीन आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

प्रार्थी
नाय पुलेन्द्रमान श्रेष्ठ
तथा
भद्रकाली सी गुठी चौ. परिवार पोखरा-१३

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना

जन्म:
वि. स. १९९७/०१/२५ गते

स्वर्गारोहण:
वि.स. २०७८/०४/२४ गते

स्व: जुनुदेवी श्रेष्ठ

यस बाझाँपाटन (क) टोल विकास संस्थाका जेष्ठ सदस्य **जुनुदेवी श्रेष्ठ**को ८१ वर्षको उमेरमा असामयीक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

अध्यक्ष एवं
बाँझापाटन (क) टोल बिकास संस्था
परिवारपोखरा-१३, बाँझापाटन, कास्की